बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/१५**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा सञ्चालनमा रहेको र रोजगार सेवा केन्द्रको लागि रिक्त रहेका तपसिल अनुसारका पदहरु सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकताबाट प्रतिस्पर्धाको आधारमा पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा फाराम भरी माग बमोजिमको विवरण र राजश्व तिरेको रसिदसहित यस गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन यो दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/०१/२०७८/७९ | प्रधानमन्त्री रोजगार संयोजक | स्थानीय तहको ६ औं तह सरह | १ |
| २ | ०१/०२/२०७८/७९ | प्राविधिक सहायक | स्थानीय तहको ५ औं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

<u>क. प्रधानमन्त्री रोजगार संयोजकको हकमा</u>

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको
- दस्खास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको

<u>ख. प्राविधिक सहायकको हकमा</u>

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण गरेको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको
- दस्खास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको

२. अन्य योग्यता

- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको

३. दरखास्त दिने स्थान :- बागमती गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय

४. दराखास्त दिने अन्तिम मिति :- सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म । सो दिन विदा परे विदा पश्चात कार्यालय सञ्चालन भएको पहिलो दिन कार्यालय समय भित्र ।

४. आवेदन दस्तुर रु ५००/- .

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा / पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- प्रधानमन्त्री संयोजकको हकमा ***"प्रधानमन्त्री रोजगार संयोजकको पदपूर्ति सेवा सुविधा मापदण्ड २०७६"*** र प्राविधिक सहायकको हकमा ***"युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६"*** उल्लेख भए बमोजिम

नोट :- उल्लेखित पदहरुको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

... राई
प्रमुख प्रशासकीय अधिकृत